वर्ष १३ अंक ६०, २०७५ असोज ८ गते सोमबार, नेपाल सम्बत ११३८ LOKWANI DAILY Monday 24, Sep, 2018 पृष्ठ संख्या ४ मुल्य रू. ५।-

लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# लोकवाणी

फेसबुकमा : www.facebook.com/lokwani.daily

राष्ट्रिय दैनिक




# जातीयताको आधारमा विभेद नगर्ने प्रतिबद्धता

**सुनिता आचार्य**
**दमौली, असोज ७**

जातीयताको आधारमा कुनै पनि किसिमको विभेद नगर्ने तनहुँका जनप्रतिनिधि, राजनीतिक दल र विभिन्न संघ संस्थाका प्रतिनिधिहरुले प्रतिबद्धता जनाएका छन् ।

हरियो वन नेपाल तथा असल छिमेकी सहयोग संघ ( गोनेसा) कास्कीको आर्थिक सहयोगमा संयुक्त दलित उत्थान मञ्च तनहुँको आयोजनामा आइतबार दमौलीमा आयोजित जातिय विभेद सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि र सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरुले कुनै पनि किसिमको जातीय विभेद नगर्ने प्रतिबद्धता जनाएका हुन् ।




कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जातीयताका आधारमा हुने विभेद कम भएपनि ग्रामीण क्षेत्रमा अझै पनि छुवाछुतको समस्या विद्यमान रहेको बताए।

समुदायमा भेदभावपूर्ण व्यवहार अन्त्यका लागी चेतनाको स्तर बढाउनुपर्ने उनको भनाइ छ। उनले विभिन्न समितिहरुमा दलित सहभागीता अनिवार्य हुनुपर्ने बताए।

व्यास नगरपालिका प्रमुख बैकुण्ठ न्यौपानेले संविधानमा छुवछुत तथा विभेद अन्त्य भइसकेपनि समाज अनुसारका संस्कार, संस्कृति, मुल्य मान्यता र रीतिरिवाजले प्रभाव पारेको धारण व्यक्त गरे । मानिस-मानिसबीच हुने विभेद ज्यादै गम्भीर समस्या भएको चर्चा गर्दै न्यौपानेले छुवाछुत मानिसको चेतना, सोचाइ र मानसिकतामा भर पर्ने कुरा भएको बताए ।

म्याग्दे गाउँपालिका प्रमुख मायादेवी रानाले कानुनको कठोर कार्यान्वयनले मात्र जातीय विभेद उन्मुलन गर्न सम्भव भएको बताइन् ।

कार्यक्रममा नेपाली कांग्रेसका

*(बाँकी पृष्ठ २ मा)*

# निर्मला पन्तलाई न्याय माग्दै ज्ञापनपत्र बुझाइयो

**लोकवाणी संवाददाता**
**दमौली, असोज ७**

नेपाल महिला संघले निर्मला पन्तको न्यायको निम्ति भन्दै जिल्ला अधिकारी तुलसीराम पौडेल मार्फत ज्ञापनपत्र बुझाएकी थिइन् ।

२ महिना अगाडी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कार




आइतबार दमौलीमा प्रदर्शन सहित सरकारलाई ज्ञापनपत्र बुझाएको छ।

संघले सहायक प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीको कार्यालयलाई ध्यानर्कषण पत्र बुझाएको हो । नेपाल महिला संघ जिल्ला कार्य समिति तनहुँका अध्यक्ष पवित्रा पौडेलले सहायक प्रमुख पछि हत्या भएकोमा हालसम्म दोषी पत्ता लगाउन नसक्नु गम्भीर लापरवाही भएको ज्ञापनपत्रमा जनाइएको छ।

निर्मलाको हत्यारा पक्राउ गरि कानुन बमोजिम हदैसम्मको सजाय दिनुपर्ने ज्ञापनपत्रमा उल्लेख छ।

## हार्दिक बधाई



काठमाडौंमा शनिबार सम्पन्न आठौ राष्ट्रिय गोजुरियो कराते प्रतियोगितामा यस विद्यालयकी छात्रा **अस्मिता राना** र **आकृति थापा** १२ वर्ष उमेर समूहमा क्रमशः प्रथम र द्वितीय भई **स्वर्ण पदक** र **रजत पदक** प्राप्त गर्न सफल भएको तथा १३ वर्ष उमेर समूहमा छात्रा **दिक्षित थापा** दोस्रो भई **रजत पदक** प्राप्त गर्न सफल भएको हुँदा उहाँहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै उज्वल भविष्यको शुभकामना व्यक्त गर्दछौं ।

**सनम तामाङ**
प्रिन्सिपल

**दिल बहादुर दरै**
अध्यक्ष

एवं

**लर्ड बुद्ध एकेडेमी**
व्यास-१, हाईस्कूलटार, दमौली

## घर भाडा तथा विक्री सम्बन्धी सूचना

व्यास नगरपालिका-२ सिद्धार्थचोक स्थित विश्व शान्ति बोर्डिङ्ग स्कूल रहेको साढे ३ तले, ५ वटा शटर (१२ कोठा) भएको पार्किङ्ग सहितको घर भाडामा दिनुपर्ने भएकोले भाडामा लिन इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

बैंक, होटल, पूरै घर लिन चाहनुहुनेहरुले मात्र सम्पर्क गर्नुहोला

**सम्पर्क : ९८५११०८४७०**

## लोकप्रिय स्वास्थ्य क्लिनिकको सूचना

**२०७५ असोज ६ गते शनिबार**

१) पार्कल्याण्ड अस्पताल पोखराका वरिष्ठ स्त्री एवं प्रसुतीरोग विशेषज्ञ **डा. अन्जना केसी**द्वारा महिनाबारी गडबडी, तल्लो पेट दुख्ने, मैला पानी बग्ने, स्तनको गिर्खा, साथै गर्भवती महिलाको जाँच ।

२)गण्डकी मेडिकल कलेज तथा पार्कल्याण्ड अस्पतालका वरिष्ठ रेडियोलोजिष्ट **डा. केशव शर्मा**द्वारा भिडियो एक्स-रे सेवा ।

३)पार्कल्याण्ड अस्पताल पोखराका वरिष्ठ सर्जन **डा. महेन्द्र केसी**द्वारा किड्नीको पत्थरी, पित्तथैलीको पत्थरी, एपेन्डिक्स, पिसाब सम्बन्धी रोग आदिको स्वास्थ्य परीक्षण ।

**२०७५ असोज १२ गते शुक्रबार**

१) गंगालाल हृदयरोग केन्द्र बाँसबारीका पूर्व कार्डिलोजी कन्स्लट्यान्ट वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. श्यामराज रेग्मी**द्वारा स्वास्थ्य परीक्षण साथै मुटुको भिडियो (इको) सेवा ।

**एम्बुलेन्सका लागि सम्पर्क नम्बर :**

९८२६१६८६३३/९८४६०५५८४२

**लोकप्रिय स्वास्थ्य क्लिनिक**

व्यास-२, गणेशमानचोक, दमौली (सम्पर्क : ०६५-५६२३८२, ९८४१३२२३५१)

लोकवाणी
दैनिक

संसारमा यस्तो कुनै मानवीय घटना भएकै छैन र हुने पनि छैन जो महाभारतमा कल्पना नगरिएको होस् । - वेदव्यास (महाभारत)

## ✍ सम्पादकीय.......

### महिलाको नेतृत्व सकारात्मक

प्रतिनिधि सभाको विभिन्न समितिहरुमा महिलाको नेतृत्व भएको छ। प्रतिनिधि सभाका १० वटा समिति मध्ये ६ वटा समितिमा महिला सांसदले नेतृत्व गरेका छन् । केही दिन अघि मात्र महिला सांसदहरुले समितिको नेतृत्व गर्ने अवसर पाएका थिए। समितिमा महिलाको नेतृत्व ६० प्रतिशत हो। नेपाल कम्युनिष्ट पार्टी नेकपाले आफ्ना महिला सांसदहरुलाई समितिको नेतृत्व गर्ने अवसर दिएको हो। संसदीय समितिमा महिला तथा सामाजिक समितिको सभापतिमा निरुदेवी पाल, कृषि सहकारी तथा प्राकृतिक श्रोत समितिकी सभापतिमा पुर्णाकुमारी सुवेदी, अन्तराष्ट्रिय सम्बन्ध समितिको सभापतिमा पवित्रा निरौला खरेल, राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिमा शशी श्रेष्ठ, शिक्षा तथा स्वास्थ्य समितिको सभापतिमा जयपुरी घर्ती र विकास तथा प्राविधिक समितिको सभापतिमा कल्याणी खड्का निर्विरोध निर्वाचित भए। यस बाहेक अन्य समितिहरु सार्वजनिक लेखा समिति, कानुन न्याय तथा मानवअधिकार समिति, उद्योग वाणिज्य, श्रम तथा उपभोक्ता हित संरक्षण समिति र संसदीय सुनुवाई समितिको सभापति भने पुरुष सांसद बनेका छन्। जे होस् संसदको ६० प्रतिशत समितिको नेतृत्व महिला सांसदहरुले गर्ने अवसर पाएका छन्। यो अवसर निकै सकारात्मक र महिलाको लागि उत्साहजनक हो।

नेपालको संसदीय इतिहासमा नै यति धेरै समितिको नेतृत्व महिलाले गर्न पाएको यो पहिलो अवसर हो। महिलाहरु पनि राज्यका महत्वपूर्ण जिम्मेवारीको नेतृत्व गर्न सक्षम छन् भन्ने प्रमाणित गर्ने अवसर पनि हो यो। यस अघि राज्यको कार्यकारी निकाय राष्ट्रपति, प्रधानन्याधिस र सभामुखमा महिलाले कुशलतापूर्वक जिम्मेवारी निभाईसकेका छन्। राष्ट्रपतिमा त अहिले पनि महिला नै हुनुहुन्छ। संसदीय प्रणालीमा संसदीय समितिको भूमिका निकै महत्वपुर्ण हुन्छ। राज्यमन्त्री सरहको सेवा सुविधा उपलब्ध हुने भएपनि समितिका सभापतिहरुले सरकारलाई नै निर्देशन दिन पाउँछन्। महत्वपूर्ण विषयहरुमा छलफलको लागि मन्त्रीलाई समितिको बैठकमा बोलाई निर्देशन दिनसक्ने अधिकार समिति र यसको सभापतिलाई हुन्छ। त्यसैले पनि समितिको सभापतीको हैसियत निकै माथि रहेको ठानिन्छ। अब समितिका महिला सभापतिहरुले अन्य समितिका पुरुष सभापतिको भन्दा राम्रोसँग कार्यसम्पादन गर्ने चुनौती थपिएको छ। यो जिम्मेवारी उनीहरुको योग्यता र क्षमताको परीक्षण पनि हो। यसको लागि समितिका सभापतिहरुलाई शुभकामना पनि छ।

# गुफा प्रचारका लागि गुफा भित्रै साहित्यिक जमघट

लोकवाणी संवाददाता

**दमौली, असोज ७**

दक्षिण एसियाकै ठूलो दावी गरिएको बन्दीपुर गाउँपालिका-४ विमलनगर स्थित सिद्ध गुफामा दुई दिने वृहत कवि गोष्ठी कार्यक्रम सम्पन्न भएको छ।

सो अवसरमा ७ वटै प्रदेशबाट आएका श्रष्टाहरुका रचनाले वाचन गरेका थिए।

गीतल प्रतिष्ठान नेपाल तथा नाटक मञ्च तनहुँको आयोजना, बन्दीपुर गाउँपालिकाको प्रायोजन, सिद्ध गुफा व्यवस्थापन समितिको व्यवस्थापनमा कार्यक्रम आयोजना गरिएको हो।

सो अवसरमा सर्जकहरु बावा बस्नेत, पुरु लम्साल, राजु घिमिरे, पवि खड्का, सुसिल सिं ठकुरी, रीता थापा, विमला अधिकारी, प्रदिप रोदन, विजय कुमार रानाभाट, नारायण मरासीनी, दिपक र्राई, अमरराज नहर्की, संगम सापकोटा, श्रीराम भट्टर्राई, अनिता यात्री, पुष्प अधिकारी, कमल अर्याल, रञ्जु दाहाल, केशवराज आमोदी, इन्दिरा अधिकारी लगायतले रचनाहरु वाचन गरेका थिए।

कार्यक्रममा जिल्ला समन्वय समिति तनहुँका अध्यक्ष शान्तिरमण वाग्लेले तनहुँको पर्यटन विकासमा यो कार्यक्रमले सहयोग पुग्ने बताए।

गीतल प्रतिष्ठान नेपाल तथा नाटक मञ्च तनहुँका अध्यक्ष आकाश अधिकारीको अध्यक्षतामा आयोजित कार्यक्रममा बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसं थापा, भानु नगरपालिकाका प्रमुख उदयराज गौली, विमलनगर सामुदायिक होमस्टेका अध्यक्ष सीता थापा, सिद्ध गुफा व्यवस्थापन समितिका अध्यक्ष लालकुमार श्रेष्ठ लगायतले बोलेका थिए।

यसैबीच सिद्धगुफाभित्र नै माध्यमिक विद्यालय स्तरीय चित्रकला प्रतियोगिता समेत सम्पन्न भएको छ।

प्रतियोगितामा भानु नगरपालिका स्थित हिमालय माविका प्रेम परियार प्रथम, होमराज लोहनी शारदा शिक्षा सदनका प्रिन्स मजकोटी द्वितीय, शान्ति वर्ष अंग्रेजी माध्यमिक विद्यालयका सचिन श्रेष्ठ तृतीय, सत्यवती माविका दानु थापा र पुर्कोट ल्याण्डस्टार स्कुलका आकृति श्रेष्ठ सान्त्वना भएका थिए।

विजेताहरुले क्रमशः तीन हजार, दुई हजार, एक हजार र पाँच पाच सय नगद सहित प्रमाणपत्र हात पारेका छन्।

सोही अवसरमा कवि क्षेत्र प्रताप अधिकारी स्मृति पुरस्कार २०७५ जनमत साहित्यिक मासिक पत्रिकाका सम्पादक मोहन सुवाललाई प्रदान गरिएको छ।

काभ्रे जिल्ला निवासी सुवाल विगत लामो समयदेखि साहित्यिक पत्रकारिता गर्दै आएका छन्। साहित्यिक पत्रकार संघको महासचिव समेत रहेका दुवाल विगत ३५ वर्षेखि अनवरत रुपमा साहित्यिक क्षेत्रमा कलम चलाउँदै आएका छन्।




## जातीयताको...

कार्यवाहक सभापति जित प्रकाश आले, नेकपाका राजेश्वर ढकाल, नेपाली कांग्रेसका कृष्णबहादुर रुचाल, बन्दीपुर गाउँपालिका वडा नं ३ का वडा अध्यक्ष हस्तबहादुर जिसी, जिल्ला समन्वय समितिका अधिकृत राजेन्द्र कार्की, बन्दीपुर गाउँपालिकाका बोर्ड सदस्य गिरी बहादुर बस्याल लगायतले जातका आधारमा विभेद गर्नु दण्डनीय र समाजिक अपराध भएको बताए।

संविधानमा उन्मुलन भएको विभेद फितलो कार्यान्वयनले गर्दा व्यवहारमा अन्त्य हुन नसकेको उनीहरुको भनाई थियो।

संयुक्त दलित उत्थान मञ्च तनहुँका अध्यक्ष रामलिला सुवर्णकारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अधिवक्ता अमृतबहादुर नेपालीले नेपालको संविधान तथा अन्य प्रचलित कानुनमा उपेच्छित वर्गको हक अधिकार, संविधानको विभिन्न धारामा भएका छुवाछुत विरुद्धको व्यवस्था, मुलुकी देवानी तथा अपराध ऐनमा भएका व्यवस्था, जातीय भेदभाव तथा छुवाछुत ऐनमा भएका व्यवस्था लगायतका विषयमा जानकारी गराएका थिए।

कार्यक्रममा हरियो वनकी कार्यक्रम अधिकृत खुश्बु पौडेलले हरियो वनले कसरी लैङ्गिक तथा समाजिकीकरणका क्षेत्रमा कार्य गर्दै आएको छ भन्ने सम्बन्धमा विभिन्न ब्लकमा गरेका समाजिक विश्लेषणको प्रतिवेदन प्रस्तुत गरेकी थिइन्। विशेषणका क्रममा तनहुँका अधिकांश ब्लकमा जातीय विभेद, महिला माथि हुने हिंसा, महिला पुरुषमा असमान ज्याला, वैदेशीक रोजगारीका कारण सम्बन्ध विच्छेदका सवालहरु अधिक मात्रमा उठ्ने गरेको जानकारी दिइन्।

कार्यक्रममा मञ्चका अध्यक्ष सुवर्णकारले हरियो वन कार्यक्रम मार्फत दलित समुदायमा सकारात्मक परिवर्तन आएको बताएका थिए। उनका अनुसार दलित समुदायमा चेतनाको स्तर बढ्दै गएको छ भने दलितहरुमा नेतृत्व गर्ने क्षमता पनि विकास भएको छ।

सोही अवसरमा हरियो वनका कार्यक्रम अधिकृत निरजबाबु भट्टले जातीय विभेदको अन्त्यमा स्थानीय तहबाट भएका कार्यक्रम र आगामी दिनमा गर्नुपर्ने कार्यका समूह कार्य गराएका थिए। कार्यक्रमको सञ्चालन मञ्चका सदस्य नरबहादुर विकले गरेका थिए भने स्वागत सदस्य दिपक खातीले गरेका थिए।

## देवघाट गाउँपालिकाको सूचना तथा विशेष अनुरोध

देवघाट गाउँपालिकालाई २०७५ सालभित्र पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माण गर्ने उद्धेश्य लिइएको हुँदा यस कार्यक्रमलाई सफल पार्नको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न सम्पूर्ण गाउँपालिकावासी नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं।

**पूर्ण सरसफाईका सूचकहरू**

**क) चर्पीको प्रयोग** : सबैले सँधै सुरक्षित चर्पीमा दिसापिसाब गर्ने गरेको, चर्पीको लागि साबुन र पानीको व्यवस्था भएको छ।

**ख) साबुन पानीले हात धुने बानी** : चर्पीको प्रयोग पछि, खाना खानु र खुवाउनु अघि र पछि, कुनै फोहोरा कुरा र विषादी छोएपछि तथा गाईवस्तुको मलमुत्र व्यवस्थापन पछि, विरामी तथा बच्चाको स्याहार गर्नुअघि र पछि।

**ग) सुरक्षित पानीको प्रयोग** : पानी प्रयोग गर्ने सबै भाडाहरु सफा राखेको छोपेको, इनार, ह्याण्डपम्प र सुक्षित मुहानहरुको पानी खाने गरेको वा खानेपानी सुरक्षा योजना लागु भएको वितरण प्रणालीको पानी पिउने गरेको वा पानी असुरक्षित भए घरायसी तहमा शुद्धिकरण गरेर मात्र पिउने बानी भएको।

**घ) सुरक्षित खानाको प्रयोग** : खाना पकाउने भाडा भान्छा सफा र सुरक्षित तथा खाना छोपेर राख्ने गरेको। खानेकुरालाई ७० डिग्री सेल्सियस भन्दा माथिल्लो तापक्रममा पकाएर खाने गरेको। खानेकुरा भण्डारण गर्नुपरेमा ५ डिग्री से. भन्दा कम तापक्रममा गर्ने गरेको अन्यथा बासी सडेगलेको नखाने गरेको। पकाएको र काँचो खानालाई भण्डारण तथा व्यवस्थापन गर्ने गरेको। सुरक्षित पानी र खाद्य पदार्थको मात्र प्रयोग गरी खानेकुरा बनाउने गरेको तथा काँचै खानेकुराहरु राम्रोसँग पकाएर खाने गरेको।

**ङ) सफा घर आँगन** : घर आँगन सधै सफा राख्ने गरेको। घरबाट निस्कने फोहोरको वर्गीकरण तथा व्यवस्थापन गर्ने गरेको। पानीको उचित व्यवस्थापन गर्ने गरेको। घरबाट निस्कने फोहोरपानीको उचित व्यवस्थापन गर्ने गरेको। पशुपंक्षीको लागि छुट्टै गोठ, टहरा र खोर बनाई तीनको मलमुत्रको व्यवस्थापन गर्ने गरेको। धुँवारहित भान्छाकोठा भएको।

**च) वातावरणीय सरसफाई** : खुल्ला दिसामुक्त अवस्था भएको गाउँ सफा, बाटोघाटो, चौतारी, पौवा तथा सार्वजनिक स्थानहरु, संरक्षित पानीका मुहान वितरण प्रणाली। खानेपानी सुरक्षा प्रणाली लागु भएको। वायु प्रदुषण नभएको। फोहोरमैलाको उचित व्यवस्थापन भएको। हरियाली वातावरण र पार्कको व्यवस्था भएको।

**देवघाट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देवघाट, तनहुँ, गण्डकी प्रदेश, नेपाल**

# बन्दिपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## बन्दिपुर, तनहुँ

# बन्दिपुर गाउँपालिका क्षेत्राधिकार भित्रको नदिजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा आदी) उत्खनन् तथा विक्री सम्बन्धी गोप्य शिलवन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/०६/०८**

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान(दफा ११ र ६४) एवं बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम आ.व.२०७५/०७६ को लागि यस कार्यालयले तोकेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हूने गरी बन्दिपुर गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने देहायका शीर्षकहरुमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष ०७३/०७४ को कर चूक्ताको प्रमाणित प्रतिलिपीहरु पेश गरीरितपुर्वकको गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको छ।

**नदिजन्य पदार्थ संकलन, विक्री तथा उत्खनन् कर:**

| ठेक्का नं. | विवरण | न्यूनतम अंक (कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| ३/०७५/०७६ | खण्ड क. बन्दिपुरगाँउपालिका वार्ड नं ६ भएर वग्ने ( ढापघाट सेती नदी वायाँ किनारा( सेती नदिको ढुंगा गिटि बालुवा) | ४७,४१,६३२।०० (सङ्चालिस लाख एकचालिस हजार छ सय वत्तीस रुपैंया) | ३०००।- (तिन हजार) | कबोल अंकको ५ प्रतिशत | ३० दिन भित्र |
| ४/०७५/०७६ | बन्दिपुर गा.पा.वन्दिपुर ६ भ्रुटेनी(ढुंगा, गिटी, वालुवा ) | ५,९२,७०४।०० ( पाँचलाख बयानब्बे हजार सात सय चार रुपैंया) | ३०००।- | कबोल अंकको ५ प्रतिशत | ३० दिन भित्र |
| ५/०७५/०७६ | बन्दिपुर गा.पा.वन्दिपुर ६ सिसरेढुंगा, गिटी, वालुवा ) | १२,१८,३३६।०० ( बाह्र लाख अठार हजार तीन सय छत्तीस रुपैंया) | ३०००।- | कबोल अंकको ५ प्रतिशत | ३० दिन भित्र |
| ६/०७५/०७६ | बन्दिपुर गा.पा.वन्दिपुर ६ माथिल्लो सराङ्ग सेतीनदीको ढुंगा, गिटी, वालुवा ) | १३,३३,५८४।०० ( तेह्र लाख तेत्तीस हजार पाँच सय चौरासी रुपैंया) | ३०००।- | कबोल अंकको ५ प्रतिशत | ३० दिन भित्र |
| ७/०७५/०७६ | खण्ड ख. बन्दिपुरगाँउपालिका वार्ड नं ६ भएर वग्ने चुनपोखरी,सेतीनदी वायाँ किनारा(नदिको ढुंगा गिटि बालुवा) | १८,५२,२००।०० ( अठार लाख वाउन्न हजार दुई सय रुपैंया) | ३०००।- | कबोल अंकको ५ प्रतिशत | ३० दिन भित्र |
| ८/०७५/०७६ | बन्दिपुर गा.पा.वन्दिपुर ६ तल्लो सराङ्ग सेतीनदीको ढुंगा, गिटी, वालुवा ) | १६,४६,४००।००(सोह्र लाख छयालिस हजार चार सय रुपैंया) | ३०००।- | कबोल अंकको ५ प्रतिशत | ३० दिन भित्र |
| ९/०७५/०७६ | बन्दिपुर गा.पा.वन्दिपुर ५ (याम्पा गोरे चौतारा) मस्यांदी नदीको दायाँ किनारा | ७७००००।००(सात लाख सत्तरी हजार रुपैंया) | ३०००। | कबोल अंकको ५ प्रतिशत | ३० दिन भित्र |

**बोलपत्र सम्बन्धी शर्तहरु:**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र रु ३०००। (फिर्ता नहुने गरि) तोकिएको दस्तुर तिरी यस कार्यालयको लेखाशाखाबाट खरिद गर्न सकिनेछ। यस कार्यालयबाट खरिद भएका बोलपत्र फारामहरु भरी सिलवन्दी गरी ३१ औं दिनको दिउँसो १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गर्नू पर्नेछ। नियमानूसार दर्ता हून आएका बोलपत्रहरु सोही दिन दिनको २.०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरु उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कूनै वाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने तथादर्ता गर्ने र खोल्ने दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन्।

२. यस कार्यालयबाट प्रमाणित भएको बोलपत्र फाराम बोलपत्रदाता स्वयं वा रितपुर्वकको लिखित वारेस पठाई तोकिएको दस्तूर वुझाई खरिद गर्नूपर्नेछ।

३. बोलपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखानम्वर/मु.अ.करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०७३/०७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

५. बोलपत्र फारम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा ५ (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल वैंक लिमिटेड दमौली तनहूं स्थित धरौटी खाता ०६००३००००००००३००००१४मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यसकार्यालयको नाममा जारी गरेको सोही रकम बरावरको कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र गोप्य सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ। कवोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

६. यसपुर्व यस कार्यालयबाट कुनैपनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको वोलपत्रलाईमान्यता दिईने छैन, तर वोलपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा वोलपत्र पेश गर्न कुनै वाधा पर्नेछैन।

७. बोलपत्र स्वीकृत भएपछि बोलपत्र दाताले मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७६ श्रावण मसान्त सम्म म्याद भएको रितपुर्वकको बैंक जामानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ।

८. स्वीकृत ठेक्का अंङ्कलाई ३(तीन) किस्तामा विभाजन गरिएको छ। पहिलो किस्ता ५०%, दोस्रो किस्ता २५% तेस्रोकिस्ता २५% मध्ये पहिलो किस्ता ५०% सम्झौताको वखत दाखिला गरि बांकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट २०७६ श्रावण मसान्त सम्म मान्य हूने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड)पेश गर्नुपर्नेछ। ५०% प्रतिशत रकमको किस्ता सम्झौता समय भित्र भुक्तान गर्नुपर्नेछ। ठेक्का सम्झौता गर्दा धरौटी पेशगरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईनेछैन।

९. ठेक्का सम्झौता गर्दा कवोल अंकको मु.अ.कर(VAT) १३ प्रतिशत र अग्रिम आयकर वापतको १.५ प्रतिशत रकम थप गरी कुलसम्झौता रकम कायम गरिनेछ।

१०. स्वीकृत ठेक्का अंकको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाउन चाहेमा औचित्य हेरी बढिमा ५ प्रतिशतसम्म छुट दिन सकिनेछ।

११. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन।

१२. पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१३. वोलपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र वोलपत्रदाताको नाम ठेगाना, सम्पर्क नम्वर स्पष्ट लेख्नुपर्नेछ।

१४. बन्दिपुर गाउँपालिकाको व्यक्तिगत तथा निषेधित क्षेत्रबाहेकका मर्स्याङ्दी/सेती नदी दायाँ बाँया किनारको ढुंगा, गिटीप बालुवा जस्ता नदिजन्य पदार्थ उपयोग तथा विक्री कर तोकिएको डिपोबाट अशूल गर्नूपर्नेछ, तर नदीनालाको पुल तल माथी दुजैतर्फ ५०० मिटरसम्म नदिजन्य पदार्थ उत्खनन् पाइने छैन। त्यसैगरी व्यक्तिको निजीस्वामित्वमा रहेको तथा हाल भोगचलनमा रहेको जग्गाबाट कम्तीमा २५ मिटरसम्म प्राकृतिक स्रोत साधन उठाउन पाइनेछैन।

१५. प्राकृतिक साधन उपयोग तथा विक्री कर अशुल गर्दा प्रथम पक्षले तोकिदिएको दररेटमा मात्र कर अशुली गर्नु पर्नेछ।

१६. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनका लागी लोडर, डोजर, एक्साभेटर, जे.सि.वि. र ६ टायर भएका भन्दा ठूला हेभी उपकरण प्रयोग गर्न पाइनेछैन।

१७. ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको उत्खनन् तथा संकलन कार्य सूर्यास्त देखि सूर्योदय नहूदासम्म गर्न पाईने छैन।

१८. प्राकृतिक स्रोत साधन ओसारपसार गर्दा प्रयोग गरिने बाटो सार्वजनिक मैदानमा निश्चित तोकिएको एउटै बाटो प्रयोग गर्नुपर्ने तथा निकासीका लागि प्रयोग गरिएको बाटो गा.पा. कार्यालयको निर्देशनमा वोलपत्रदाताले मर्मत सूधार गर्नुपर्नेछ।

१९. स्थानीयस्तरका प्रत्यक्ष प्रभावित क्षेत्रमा उपभोक्ता समितिद्वारा संचालन हुने सार्वजनिक विकास निर्माण आयोजनाका लागि प्राकृतिक स्रोत साधनको मुल्य प्राविधिक स्टिमेटमा हटाईएको भए यस कार्यालयको सिफारिसमा निशुल्क उपलब्ध गराउनुपर्नेछ।

२०. प्राकृतिक स्रोत साधन उपयोग तथा विक्रीकर संकलन गर्ने प्रयोजनका लागि गा.पा. कार्यालयले आवश्यकता अनूसार डिपो निर्धारण गर्न सक्नेछ। साथै स्थानीय तहबाट निकासी गरिने नदिजन्य पदार्थको निकासिकर सम्बन्धित डिपोमा बुझाउनुपर्नेछ।

२१. पानीले भिजेको र पानी चूहाएर ढुंगा, गिटी, बालुवा, दहत्तर, वहत्तर बोकेर ढुवानी साधन पक्की सडकमा गुडाउन पाइनेछैन।

२२. ढूवानी साधनले वहन गर्न पाउने तौल भन्दा बढि तौल राखी वा न्यून विलकारी ढूवानीका साधन सडकमा गूडाउन र नछोपी खूल्ला रुपले ढूवानी गर्न पाईनेछैन।

२३. नेपाल सरकारको मौजुदा कानुनी व्यवस्था अनुसार आषाढ, श्रावण महिना र भाद्र १५ गते सम्म (२ महिना १५ दिन) नदिजन्यपदार्थ उत्खनन् तथा संकलन गर्न नपाईने व्यवस्था भएकाले सो को पूर्ण रुपले पालना गर्नुपर्नेछ।

२४. उत्खनन् गरिएको नदिजन्य पदार्थ नदि किनारा वा सार्वजनिक चौरमा घाटगद्धी गर्न पाईने छैन, त्यसका लागि वोलपत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गर्नुपर्नेछ।

२५. कुनै पनि बन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईनेछैन नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ढूवानी गर्दा कूनै विवाद उत्पन्न भएमा वोपत्रदाता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ।

२६. माथि उल्लेखित सर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट अशुल उपर गर्ने गरी कानुनी प्रकृया अपनाईनेछ। साथै अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ।

२७. यो ठेक्कासँग सम्बन्धित सम्पूर्ण सरोकारवालाको सुविधाका लागि सुचना प्रकाशित मितिको २० औं दिन प्रि.विड छलफल राखिने हुनाले उक्त दिन कार्यालय समयमा ईच्छुक फर्म वा कम्पनीहरुलाई यस कार्यालयमा उपस्थितीका लागि जानकारी गराइन्छ।

२८. विस्तृत् जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. 065520177 सम्पर्कगरी जानकारी लिन सकिनेछ।

# लर्ड बुद्ध एकेडेमीका छात्रालाई करातेमा स्वर्ण र रजत

**लोकवाणी संवाददाता**
**दमौली, असोज ७**

व्यास-१ हाइस्कूलटार स्थित लर्ड बुद्ध एकेडेमीका तीन छात्राले राष्ट्रिय गोजुरियो कराते प्रतियोगितामा स्वर्ण र रजत पदक जितेका छन् ।

शनिबार काठमाडौंमा सम्पन्न आठौं राष्ट्रिय गोजुरियो कराते प्रतियोगितामा सो विद्यालयकी छात्रा १२ वर्ष उमेर समूहमा अस्मिता रानाले स्वर्ण पदक जितेकी छिन् ।

सोही उमेर समूहमा आकृति थापा र १३ वर्ष उमेर समूहमा दिक्षित थापाले रजत पदक जितेको विद्यालयका प्रिन्सिपल सनम तामाङले जानकारी दिए ।




# नेकपाको जिल्ला तह एकीकरणको जिम्मा प्रदेशलाई

**काठमाडौं, असोज ७**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले प्रदेश इन्चार्ज, सहइन्चार्ज, अध्यक्ष र सचिवलाई जिल्ला तहको एकीकरण गर्ने जिम्मा दिएको छ ।

प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विशेष परिपत्र जारी गर्दै प्रदेश कमिटीले पूर्णता नपाउँदासम्मका लागि उनीहरुलाई नियमित बैठक राखेर जिल्ला तहको एकीकरण गर्ने जिम्मा दिइएको उल्लेख गरिएको छ ।

प्रदेश इन्चार्ज, सहइन्चार्ज, अध्यक्ष र सचिवले पार्टीको विधान, नियमावली र निर्देशनको मार्गदर्शन एवं विगतको सिफारिशका आधारमा आफ्नो मातहतका जिल्ला कमिटी एकीकरण सम्पन्न गर्नुपर्ने जिम्मा दिइएको छ ।

## फेन्सी पसल विक्रीमा

व्यास-२ कुमारी बैंक अगाडि चालु अवस्थामा रहेको फेन्सी पसल विशेष कारणवश विक्री गर्नुपरेकोले इच्छुक महानुभावहरुले सम्पर्क गर्नुहुन अनुरोध छ ।

सम्पर्क : ९८४१३०७२४/९८२६१९४३५७

## विशेष फार्मेसी पुन: सञ्चालनमा

दमौली अस्पताल परिसरमा रहेको रेडक्रस भवनमा सञ्चालन हुँदै आएको **विशेष फार्मेसी** यही भदौ महिनादेखि व्यास-३, अनसन चौतारा (हस्पिटल जाने गेट) अगाडि सरेको जानकारी गराउँदछौं ।

**विशेष फार्मेसी**
व्यास-३, दमौली (हस्पिटल जाने गेट अगाडि)

आत्मनिर्भर, सफा, सुन्दर व्यास नगर

## व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, तनहुँ

**व्यक्तिगत घटना दर्ता गरौं**

**घटना घटेको ३५ दिनभित्र सम्बन्धित सम्बन्धित वडामा गई नि:शुल्क पाइने फारम भरी घटना दर्ता गरौं ।**

**घटना दर्ता कसले गर्ने ?**
- जन्म तथा मृत्युको दर्ता परिवारको मुख्य व्यक्तिले
- विवाह तथा सम्बन्ध विच्छेद घटना पति पत्नि दुवैले
- बसाईंसराईको घटना परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाईंसरी जाने व्यक्तिले

**समाज वा राष्ट्रलाई हुने फाइदा**
१. राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्दत मिल्ने ।
२. शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवा उपलब्ध गराउन मद्दत मिल्ने ।
३. खाद्यान्न कार्यक्रम सञ्चालन गर्न सहयोग हुने ।
४. आवासको व्यवस्था गर्न सहयोग हुने।

**व्यक्तिलाई हुने फाइदा**
१. घटना दर्ताको प्रमाणपत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
२. आमा, बाबु, उमेर आदिको वैधानिक प्रमाण हुने ।
३. स्कूलमा भर्ना हुनेका लागि सजिलो पर्ने ।
४. नागरिकता प्रमाणपत्र लिन सजिलो पर्ने ।
५. नाता कायम गर्न सजिलो पर्ने ।
६. चल अचल सम्पत्ति नामसारी गर्न सजिलो पर्ने ।
७. पति पत्निबीच वैधानिक सम्बन्ध कायम हुने ।
८. जीवन बिमा, पेन्सन, उपदान वा बैंकबाट रकम झिक्न सुविधा हुने ।
९. विदेश जानको लागि भिसा प्राप्त गर्न सुविधा हुने ।

## डिस होमको दशैं तिहार अफर

**सित्तैमा ! सित्तैमा !! सित्तैमा !!!**







"चम्किनेछ भाग्यमा श्री रिचार्ज गर्दा DishHome FREE"

**"अब Dish Home सेटको मुल्य एक रुपैया पनि पर्दैन, यो अफर न पहिले थियो न त अब नै हुनेछ ।"**

**मौकाको फाइदा उठाउनुहोस ।**

**सम्पर्क:**
१. शुभलक्ष्मी सप्लायर्स दमौली - ५६१०२०, ९८४६३७२१३३ (तनहुँ, लमजुङ, गोरखाको आधिकारीक वितरक)
२. गाउँघर बिजुली पसल दमौली - ९८४६०९०१६३
३. नेशनल रेडियो सर्भिस दमौली
४. विन्जु & विहान मिडिया प्रा.लि. दमौली- ९८५६०६०४९६
५. बाबुल इम्पोरियम - ०६५-५८०१०८
६. खड्कमाई इलेक्ट्रोनिक्स - ९८५६०२७७७८

## भरोसा स्वास्थ्य क्लिनिकको सूचना

१) अन्नपूर्ण हस्पिटल पोखराका वरिष्ठ बालरोग विशेषज्ञ **डा. विधान घिमिरे**द्वारा स्वास्थ्य परीक्षण
(**प्रत्येक शनिबार**)
२) गण्डकी अस्पताल र मेट्रोसिटी हस्पिटल पोखराका वरिष्ठ फिजिसियन पेट, छाती, मुटु, सुगर, थाइराइड विशेषज्ञ **डा. सचिन ढकाल**द्वारा स्वास्थ्य परीक्षण। (**प्रत्येक महिनाको पहिलो शनिबार**)

**भरोसा स्वास्थ्य क्लिनिक**
व्यास-२, गणेशमानचोक, दमौली
(विद्यार्थी पुस्तक पसलसँगै) सम्पर्क : ९८४११२७६५७

## व्यापारसंगै गरौ विज्ञापन

**फेन्सी, कपडा पसल, टेलर्स, हस्पिटल, स्कुल, लगायत तपाईको कुनै पनि व्यवसाय तथा कार्यक्रमका लागि चाहिने फाईबर सपिङ्ग व्याग प्रिन्ट गर्नका लागि हामीलाई सम्झनुहोस ।**




अन्य प्रिन्ट सेवाहरु :
जर्सी, टि-सर्ट, कुसन, घडि, टाईल्स, कप, कि-रिङ्ग, भिजिटिङ्ग कार्ड, फ्लेक्स्, फोटो, बिल, आइडी कार्ड, कलर प्रिन्ट लगायत स्क्रीन प्रिन्ट्का सम्पुर्ण कामहरु गरिन्छ ।
हामी कहाँ सादा फाइबर सपिङ्ग व्याग तथा सादा टि-सर्ट होलसेल मुल्यमा पाईन्छ ।

**मल्ल प्रिन्ट्स**
व्यास-४, दमौली, (व्यास अस्पताल नजिकै)
फोन नं.: ९८४६६१४३८८, ९८१६६५३७११
www.facebook.com/mallaprints

खानाका पारखीहरुको लागि एक मात्र गन्तव्य

## लुम्बिनी थकाली भान्साघर एण्ड लज

**हाम्रा सेवाहरु**
- लोकल कुखुराको स्वादमा स्पेशल नेपाली खाना
- माछा तथा कुखुराका पोलेका परिकारहरु
- सिस्नोको साथमा फापर तथा कोदोको ढिडो
- च्याउको मम तथा अन्य परिकारहरु
- सफा, सुन्दर, शान्त वातावरण तथा पर्याप्त पार्किङ्गको सुविधा
- सेमिनार तथा आरामदायी बासको व्यवस्था



होम डेलिभरीको समेत व्यवस्था

**लुम्बिनी थकाली भान्साघर एण्ड लज**
व्यास-१, तालघरे, तनहुँ
सम्पर्क ९८०६७७४८३८

**लोकवाणी पब्लिकेसन प्रा. लि. का** लागि **अध्यक्ष/प्रधान-सम्पादक** : प्रेमप्रसाद पौडेल, **सम्पादक** :प्रकाशचन्द्र भट्टराई, **कानूनी सल्लाहकार** :त्रिभुवन श्रेष्ठ, **बजार व्यवस्थापक** : ऋषिकान्त दुवाडी (९८४६२७४६३६)
जि.प्रशा.का.तनहुँ द.नं. १२/०६३/०६४, जि.हु.द.नं. ११/०६३/०६४, फोन : ०६५-५६२७०५, व्यास नपा-३, सफासडक, दमौली **Email : lokwanidaily@gmail.com,** मुद्रण:विज्ञान प्रिन्टर्स, दमौली, फोन :०६५-५६०१२४